राक्सिराङ्ग गाउँपालिका
Raksirang Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
चैनपुर, मकवानपुर
Chainpur, Makawanpur

:- info@raksirangmun.gov.np
:- raksirangmun.gov.np
:-९८५५०७७६०१ (अध्यक्ष)
:- 9855077601 (Chairperson)
:-९८५५०८८८६६ (प्र.प्र.अ.)
:- 9855088866 (C.A.O.)
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या / Ref.No :- २०७७/०७८
च.नं. / Dispatch No :-

# प्रेस विज्ञप्ति

मकवानपुर जिल्लामा कोभिड १९ को सङ्क्रमण बढ्न थालेको र समुदायस्तरमै सङ्क्रमणको विस्तार हुन सक्ने उच्च जोखिम देखिएकोले जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र, मकवानपुरले हेटौडा उपमहानगरपालिकाको सबै क्षेत्र र मनहरी गाउँपालिकाको महेन्द्र राजमार्ग आसपासको क्षेत्रमा मिति २०७७/०४/२६ गते राती १२:०० बजेदेखि निषेधाज्ञाको निर्णय गरिसकेको सन्दर्भमा यस गाउँपालिका समेत उच्च जोखिममा रहेकाले मनहरी गाउँपालिकाको महेन्द्र राजमार्गमा पर्ने यस गाउँपालिकाको मुख्य प्रवेशद्वारहरु मनहरी-चैनपुर सडक र सिम्पानी-सरिखेत सडकबाट अत्यावश्यक कामबाहेकको सम्पूर्ण आवतजावत मिति २०७७/०४/२६ गते राती १२:०० बजे देखि अर्को सूचना जारी नभएसम्म बन्द रहने निर्णय गरिएको व्यहोरा जानकारी गराइन्छ।

साथै सचेत नागरिकको हैसियतले अत्यावश्यक काम बाहेक घर बाहिर हिँडडुल नगर्नुहुन र कोभिड १९ संग सम्बन्धित स्वास्थ्य सुरक्षाका नियमहरुको पूर्ण पालना गर्नुहुन तथा अन्य स्थानीय तह एवं जिल्लाका मानिसहरुको यस गाउँपालिका क्षेत्रमा प्रवेशको निगरानी राख्नुहुन समेत सम्पूर्ण नागरिक, टोलविकास संस्थाका प्रतिनिधिहरु र जनप्रतिनिधिहरुलाई अनुरोध छ ।बढ्दै गरेको कोभिड १९ को जोखिम मध्यनजर गर्दै राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर र अन्तर्गतका वडा कार्यालयहरुबाट प्रदान गरिने अत्यावश्यक बाहेकका सम्पूर्ण सेवा प्रवाह मिति २०७७/०४/२७ गते देखि अर्को सूचना प्रकाशित नभएसम्म बन्द रहने निर्णय गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।यसबाट सेवाग्राहिमा पर्न गएको असुविधा प्रति राक्सिराङ्ग गाउँपालिका क्षमाप्रार्थी छ ।

२०७७/०४/२६

..............................
राजकुमार मल्ल
अध्यक्ष